नेपाल सरकार
अर्थ मन्त्रालय

# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

## नागरिक बचतपत्र २०८६ निष्कासन सम्बन्धी सूचना

*(प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०१/२७ गते)*

यस कार्यालयबाट देहाय बमोजिमका विशेषता रहेको नागरिक बचतपत्र २०८६ निष्कासन गरिने भएकोले इच्छुक नेपाली नागरिकबाट बचतपत्र खरीदको लागि आवेदन आवह्वान गरिएको छ ।

### १. विशेषताहरु

| | | |
|---|---|---|
| क) बचतपत्रको नाम | : | नागरिक बचतपत्र २०८६ (५ वर्षे) |
| ख) निष्कासन हुने रकम | : | रु.५,००,००,००,०००।— (अक्षरेपी पाँच अर्ब मात्र) |
| ग) वार्षिक ब्याजदर | : | ८ प्रतिशत |
| घ) ब्याज भुक्तानी अवधि | : | अर्धवार्षिक |
| ङ) खरीद गर्न पाउने सीमा | : | घटीमा रू. दश हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा |
| च) लगानी (खरीद) कर्ता | : | नेपाली नागरिक (गैह्र आवासीय नेपाली नागरिक समेत) ले मात्र खरीद गर्न सक्ने |
| छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने र जुनसुकै समयमा दोस्रो बजार मार्फत खरिद बिक्री गर्न सकिने |

### २. बिक्री, निष्कासन र साँवा भुक्तानी

| | | |
|---|---|---|
| क) बिक्री खुला हुने अवधि | : | २०८१ वैशाख ३० गतेदेखि जेठ ३० गतेसम्म |
| ख) निष्कासन मिति | : | २०८१ असार ०४ गते |
| ग) साँवा भुक्तानी मिति | : | २०८६ असार ०४ गते |

## ३. अन्य व्यवस्था

| | | |
|---|---|---|
| क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रिया | : | मिति २०८१ वैशाख ३० गतेदेखि इच्छुक खरीदकर्ताले नागरिक बचतपत्र खरीद गर्नको लागि बजारनिर्माता मार्फत यस कार्यालयको वेबसाइट www.pdmo.gov.np अन्तर्गत रहेको Investor Portal वा https://investor.doms.gov.np बाट अनलाइन आवेदन प्रक्रिया अनुसार बचतपत्रको आवेदन पेश गर्न सक्ने व्यवस्था गरिएको छ । इजाजतपत्र प्राप्त बजार निर्माताहरूको सूची यस कार्यालयको वेबसाईट www.pdmo.gov.np मा राखिएको छ । |
| ख) खण्डित अवधिको ब्याज | : | बैंक तथा वित्तीय संस्थाले आवेदकको खाता रूजु गरी आवेदन गरिएको रकम बराबर निष्कासन मिति सम्म रोक्का राख्नु पर्नेछ र निष्कासन मितिमा नेपाल सरकारलाई रकम बुझाउनु पर्ने भएकाले खण्डित अवधिको ब्याज रकम भुक्तानी नदिइने। |
| ग) बचतपत्रको किसिम | : | स्टकको रुपमा जारी हुने । |
| घ) आवेदन रकम भुक्तानी विधि | : | यो बचतपत्र निष्कासन हुने दिन (२०८१/०३/०४ गते) १५:०० बजे भित्र बैंक तथा वित्तीय संस्थाले आवेदकको खातामा खर्च लेखी नेपाल सरकारको खातामा रकम जम्मा गर्नुपर्ने । |
| ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजात | : | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आवेदन बराबरको रकम आफ्नो बैंक खाताबाट झिक्न स्वीकृति दिएको अख्तियारी पत्र, नाबालकको नाममा बचतपत्र खरीद गर्ने भएमा संरक्षकको नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा आवश्यक कागजातहरु,<br><br>२. माथि उल्लेखित कागजातहरुको प्रतिलिपि *https://investor.doms.gov.np* मा अनिवार्य रुपमा **Upload** गर्नुपर्ने ।<br><br>३. सम्पूर्ण कागजातहरु **Upload** गर्दा ***PDF*** वा ***JPEG*** को **Format** मा हुनुपर्ने र प्रत्येक कागजात **5 MB** भन्दा कम हुनुपर्ने । |

| | | |
|---|---|---|
| च) आवेदन अस्वीकृत हुन सक्ने | : | रीतपूर्वक पेश नभएका वा आवश्यक कागजात पेस नगरेका आवेदनकर्ताको आवेदन अस्वीकृत हुन सक्ने । |
| छ) बाँडफाँट सम्बन्धी व्यवस्था | : | ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णयबमोजिम हुने । |
| ज) प्रमाणपत्र सम्बन्धी व्यवस्था | : | खरिदकर्ताको सम्बन्धित CUI/UID बाट Investor Portal मार्फत उपलब्ध हुने। |
| झ) अन्य व्यवस्था | : | यो बचतपत्र खरीद/बिक्री सम्बन्धी अन्य व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णयबमोजिम हुने। |
| ञ) थप जानकारी | : | थप जानकारीका लागि काठमाण्डौ स्थित यस कार्यालयको फोन नं. ०१–४५३८१२९, ०१–४५३८१३०, ०१–४५३८३५८, ०१–४५३८३५९ वा यस कार्यालयको इमेल ठेगाना internaldebt@pdmo.gov.np मा सम्पर्क गर्न सकिने। |